कार्यपालिका बैठक मिति : २०८२।०४।०१ गते।
कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०४।०१ गते।

मिति २०८२।०४।०१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. आ व २०८१।८२ को वार्षिक समिक्षा सम्बन्धमा।
३. कर्मचारी तहवृद्धि गर्ने सम्बन्धमा।
४. पशुमा आकस्मिक रोग नियन्त्रण सम्बन्धमा।
५. स्थानीय विभाज्य कोषमा रहेको रकम बाँडफाँट सम्बन्धमा।
६. रोजगारी सिर्जना कार्यक्रममा योजना छनौट सम्बन्धमा।
७. शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकको महँगी भत्ता सम्बन्धमा।
८. करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धमा।
९. कडा रोग लागेकालाई औषधीउपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।
१०. तलबी प्रतिवेदन सम्बन्धमा।
११. पोष्टमार्टम गर्न आउने डाक्टर कर्मचारीलाई भ्रमण भत्ता उपलब्ध गराउने सम्बन्धमा।
१२. बहुक्षेत्रिय पोषण कार्यक्रम २०८२ को कार्ययोजना सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले प्रस्तुत गर्नु भएको आ व २०८१।८२ को वार्षिक प्रतिवेदन उपर छलफल गर्दै पुँजीगत खर्च वृद्धि गर्न/गराउन, योजना तथा कार्यक्रम समयमै सम्पन्न गर्न/गराउन सबै जनप्रतिनिधी तथा कर्मचारीलाई निर्देशन दिँदै वार्षिक समिक्षा सम्पन्न गरियो।
३. चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीको गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा १ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तपसिल बमोजिम नै तहवृद्धि गर्ने।

| सि नं | कर्मचारीको नामथर, ठेगाना | साविकको सेवा,समुह,उपसमुह,तह र पद | तहवृद्धि हुने सेवा,समुह,उपसमुह,तह र पद |
|---|---|---|---|
| १ | संकेत नं २३९०९३<br>श्री सन्दीप रेग्मी | स्थानीय प्रशासन सेवा, विविध समुह | स्थानीय प्रशासन सेवा, विविध समुह<br>अधिकृतस्तर छैटौं, सहायक कम्प्युटर |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

छिमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | पुतलीबजार-७ स्याङ्जा | सहायक पाचौं, कम्प्युटर अपरेटर | अधिकृत |

४. चुमनुब्री गाउँपालिका वडा नं ७ छेकम्पारमा घोडा तथा खच्चडमा रेबीजजस्तै संक्रामक रोग फैलिएको हुँदा चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम आकस्मिक रोग नियन्त्रण र संघीय सर्शत अनुदानको पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रमबाट खोप तथा पशु स्वास्थ्य सामाग्री खरिद गरी खोप सहित औषधीउपचार शिविर सञ्चालन गर्ने।

५. चुमनुब्री गाउँपालिकाले दहत्तर बहत्तर शुल्क बापत स्थानीय विभाज्य कोषमा दाखिला गरेको रू २,६८,६२०।- रकम गण्डकी प्रदेश आर्थिक ऐन २०८२ को दफा ८ उपदफा ५ बमोजिम चालिस प्रतिशत हुन आउने रकम रू १,०७,४४८।- गण्डकी प्रदेश सञ्चित कोषमा दाखिला गर्ने र बाँकी हुने साठी प्रतिशत बराबरको रकम रू १,६१,१७२।- चुमनुब्री गाउँपालिका आन्तरिक राजश्व खातामा दाखिला गर्ने।

६. आ व २०८२।८३ मा संघीय सरकार शसर्त अनुदान अन्तर्गत रोजगार आयोजना सञ्चालनका लागि ज्याला रकममा ३० लाख ८८ हजार र गाउँपालिकाले रोजगारी सिर्जनामा ३० लाख ८८ हजार गरी कुल ६१ लाख ७६ हजार बजेट विनियोजन भएकोमा चुमनुब्री गाउँपालिका अन्तर्गत रोजगार आयोजना अन्तर्गत तपसिलका योजनाहरू छनौट गरी प्राविधिकबाट सर्भे, अनुगमन तथा मुल्यांकन गराई सञ्चालन गर्ने र कार्यसम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने।

| सि नं | योजनाको नाम | सञ्चालन हुने स्थान | कै |
|---|---|---|---|
| १ | छेतम्पोक देखि तितुर सम्म बाटो निर्माण | चुमनुब्री ५ बिही | |
| २ | भेमताङ देखि सेराङ गुम्बा सम्म बाटो निर्माण | चुमनुब्री ५ बिही | |
| ३ | सिलिङमा पहिरो नियन्त्रण (ग्याबिन भर्ने) | चुमनुब्री ३ सिलिङमा | |
| ४ | नुरू गुम्बा पहिरो नियन्त्रण | चुमनुब्री ७ छेकम्पार | |
| ५ | लार छोर्तेन संरक्षण ग्याबीन भर्ने कार्य | चुमनुब्री ७ छेकम्पार | |
| ६ | लोक्पा पहिरो नियन्त्रण ग्याबीन भर्ने कार्य | चुमनुब्री ६ चुम्चेत | |
| ७ | पाङसिङ पहिरो नियन्त्रण ग्याबीन भर्ने कार्य | चमनुब्री ३ पाङसिङ | |

७. चुमनुब्री गाउँपालिका अन्तर्गत संघीय शसर्त अनुदान शिक्षण सहयोग अनुदानमा तलब भत्ता खाएका शिक्षकहरूको महँगी भत्ता शसर्त अनुदानबाट प्राप्त नभएको हुँदा शिक्षा शाखा वार्षिक स्विकृत कार्यक्रम गा. पा. शिक्षक अनुदानबाट नियमानुसार महँगी भत्ता भुक्तानी दिने र संघीय राहत कोटामा कार्यरत शिक्षकहरूको लागि सोही शिर्षकबाट नियमानुसार स्थानीय भत्ताको आधा हुन आउने रकम भुक्तानी दिने।

चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

८. करार सेवामा कार्यतर अ न मि जोशिका गुरूङको संघीय शसर्त अनुदानमा नपुग तलब गाउँपालिका करार सेवाबाट व्यवस्थापन गर्ने र अ न मी सोनी गुरूङको तलब भत्ता स्थायी अ न मि पदपुर्ति भए पश्चात करार सेवाबाट उपलब्ध गराउने ।

९. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम औषधी उपचार खर्च उपलब्ध गराउन रू २ लाख बजेट सुनिश्चितता गर्ने ।

१०. आ व २०८२।८३ को चुमनुब्री गाउँपालिकामा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने ।

११. चुमनुब्री गाउँपालिका भित्र दुर्घटना भई मृत्यू भएका नागरिकको पोष्टमार्टम गर्न आउने धार्चे आधारभूत अस्पतालका डाक्टर तथा कर्मचारीलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउने ।

१२. चुमनुब्री गाउँपालिकामा संघिय सर्शत अनुदान बापत प्राप्त भएको बहुक्षेत्रिय पोषण कार्यक्रम तथा गाउँपालिकाबाट विनियोजन भएको तपसिल बमोजिमको बजेटको कार्यान्वयनका लागि आ व २०८२।८३ को बहुक्षेत्रिय पोषण कार्यक्रमको एकीकृत कार्यक्रम स्विकृत गर्ने ।

| कार्यक्रमको नाम | खर्च शिर्षक | स्रोत | रकम रू हजारमा |
|---|---|---|---|
| पोषण सहजकर्ताको अपुग तलब थप | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | १,५० |
| बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | २११११ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३,०० |
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | २०,७५ |
| सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | ६,२५ |
| जम्मा | | | ३१,५० |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष